दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१२ | बुटवल | २०८१ मंसिर ०४, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Nov.19, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## चुनावकै दिन मतपेटिका ढुवानी

बुटवल । निर्वाचन आयोगले १६ मंसिरमा स्थानीय तह उपनिर्वाचनमा मतदान सकिएपछि त्यसै दिन मतपेटिका ढुवानी व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । सोमबार निर्वाचन आयुक्त सगुनशमशेर जबरा संयोजकत्वमा रहेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले मतदान भएकै दिन मतपेटिकाहरू सुरक्षित रुपमा मतगणनास्थलसम्म ढुवानी र सुरक्षा गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयमार्फत् जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ ।

समितिले १३ मंसिरको राति १२ बजेदेखि प्रचार प्रसार निषेध अवधिमा पालना गर्नुपर्ने आचारसंहिताको पूर्ण पालना गर्न गराउन प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिने निर्णय पनि गरेको आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले विज्ञप्तिमार्फत जानकारी दिएकी छन् । उपनिर्वाचनको दिन चुनाव हुने स्थानीय तहसँग जोडिएका राष्ट्रिय राजमार्गमा सार्वजनिक यातायात सञ्चालनको व्यवस्था मिलाउन र निर्वाचनको स्वच्छतामा असर नपर्ने गरी मतदाता आवागमन सहज गर्न पनि आयोगले सरकारलाई आग्रह गरेको छ । १६ मंसिरमा विभिन्न १३ जिल्लाका ४४ स्थानीय तहमा उपनिर्वाचन हुँदैछ ।

## टीओडी मिटरको बिल अध्ययन गर्न समिति

बुटवल । नेपाल विद्युत् प्राधिकरणले उद्योगहरुलाई डेडिकेटेड ट्रंकलाइन सम्बन्धमा काटेको बिल अध्ययन गर्न सरकारले एक समिति गठन गरेको छ । सरकारले अरबिन्दकुमार मिश्रको संयोजकत्वमा विज्ञहरूसहितको ३ सदस्यीय समिति गठन गरेको हो । समितिको सदस्यमा नेपाल विद्युत् प्राधिकरणका पूर्व निर्देशक श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले छन् । सरकारले समितिका संयोजक र सदस्यहरुलाई सोमबार नै कार्यादेश समितको पत्र दिइसकेको छ ।

डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपभोग गर्ने उद्योगहरुको विद्युत् महसुलसम्बन्धी विवाद समाधानका लागि नेपाल सरकार (मन्त्रिपरिषद्)को ०८० पुस २४ को निर्णयअनुसार सर्वोच्चका पूर्वन्यायधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित जाँचबुझ आयोगको सुझाबका आधारमा सरकारले प्राधिकरणले काटेका बिलबिजकलाई 'टाइम अफ डे' (टीओडी) मिटरको मूल्य निर्धारण र प्राविधिक पक्ष अध्ययन गर्न समिति गठन गरेको हो । आयोगले गत बैशाख २३ मा प्रतिवेदन पेस गरेको थियो ।

नवगठित समितिलाई जाँचबुझ आयोगको प्रतिवेदनको सिफारिस अनुसार ०७२ माघ देखि ०७५ बैशाखसम्म टीओडी मिटर समेतको आधारमा डेठिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरुको बक्यौता विद्युत महसुल निर्क्यौल गर्नेसम्बन्धी आवश्यक सत्यतथ्य विवरण/प्रमाण संकलन एंव प्रमाणिकरण गर्ने मुख्य कार्यादेश दिइएको उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रवक्ता चिरञ्जीवी चटौतले जानकारी दिए । अध्ययनका क्रममा पुराना बिलमा शुल्क निर्धारण विधि मिलेको रहेनछ भने सच्याउने अधिकार पनि दिइएको मन्त्रालयले जनाएको छ ।

## ढुंगानाको राजकीय अन्त्येष्टी

काठमाडौं । पूर्वसभामुख दमननाथ ढुंगानाको पशुपतिनाथस्थित आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । त्यस अवसरमा नेपाली सेनाको एक टुकडीले दिवंगत ढुंगानाको सम्मानमा सलामी अर्पण गरेको थियो । ढुंगानाको पार्थिव शरीरमा उनका छोराहरुले दागबत्ती दिए । पूर्वसभामुख ढुंगानाको सम्मानमा १७ तोपको सलामीसमेत दिइएको थियो । कलेजोसँग सम्बन्धित समस्याका कारण केही समयदेखि उपचाररत पूर्वसभामुख ढुंगानाको पुरानो बानेश्वरस्थित फ्रन्टलाइन अस्पतालमा ८३ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो ।

पूर्वसभामुख ढुंगानाप्रति श्रद्धाञ्जली अर्पण गर्न सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, उपसभामुख इन्दिरा राना, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्री गण, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सांसद तथा विभिन्न पेसा व्यवसायमा आबद्ध व्यक्ति तथा सर्वसाधारण आर्यघाट पुगेका थिए ।

लुम्बिनी

# प्रदेश समन्वय परिषद् सुस्त

***वर्षमा कम्तीमा एकपटक बस्नुपर्ने बैठक नियमित हुन नसक्दा स्थानीय तहले आफ्ना समस्या सामूहिकरुपमा मुख्यमन्त्रीसमक्ष राख्न नपाएको गुनासो गरेका छन् ।***

**टिआर शर्मा**
*बुटवल*

स्थानीय र संघीय सरकारसँग पुलको काम गर्ने प्रदेश समन्वय परिषद्को गति लुम्बिनीमा सुस्त देखिएको छ । मुख्यमन्त्रीपिच्छे परिषद् गठन गर्नुपर्ने भएकाले पूरा कार्यकाल काम गर्न नपाई सरकार फेरबदल भइरहंदा परिषद् पनि प्रभावित भएको हो ।

तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको पालामा ४ वटा बैठक बसेकामा प्रदेशको दोस्रो मुख्यमन्त्री माओवादी केन्द्रका कुलप्रसाद केसी, त्यसपछि एमालेका लिला गिरी र कांग्रेसका डिल्लीबहादुर चौधरी नेतृत्वको सरकारका पालामा जम्मा ३ वटा बैठक बसेका छन् । तत्कालीन मुख्यमन्त्री शंकर पोखरेल नेतृत्वको सरकारको पालामा बसेका ४ वटा बैठकले ९२ वटा निर्णय गरेको थियो ।

चौथो बैठकले प्रदेश समन्वय परिषदको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ पारित गरेको थियो । हालसम्म २०७५ असोज ९ र १० गते पहिलो,२०७६ बैशाख ३० गते दोस्रो,२०७६ असोज ६ गते तेस्रो, २०७७ माघ १८ गते चौथो, २०७८ चैत २ गते पाँचौ, २०७९ भदौ २७ गते छैठौं र २०८० माघ ४ गते सातौं बैठक बसेको थियो ।

तर माओवादी केन्द्रका जोखबहादुर महरा र नेकपा एमालेका चेतनारायण आचार्य (हाल) मुख्यमन्त्री भए यताको झण्डै एक वर्षसम्म परिषद् गठन नै हुन सकेको छैन ।

महरा सरकार तीन महिनामै ढलेकाले समय अभावका कारण गठन हुन सकेको थिएन । तर नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धनमा आचार्य नेतृत्वमा दुई तिहाई बहुमतको सरकार बनेको चार महिनामा पनि परिषद् गठन हुन सकेको छैन ।

परिषद् गठन नहुंदा २०८० माघ ४ यता परिषद्को बसेको छैन । मुख्यमन्त्रीको अध्यक्षतामा वर्षमा कम्तीमा एकपटक बस्ने व्यवस्था भए पनि परिषद गठन हुन र बैठक नियमित हुन नसक्दा स्थानीय तहका प्रमुखहरुले आफ्ना समस्या सामूहिकरुपमा मुख्यमन्त्रीसमक्ष राख्न नपाएको गुनासो गरेका छन् ।

परिषदमा विभिन्न क्षेत्रका विज्ञहरुमध्येबाट १२ जनालाई मुख्यमन्त्रीले मनोनित गर्ने व्यवस्थाका कारण सरकार पिच्छे नयाँ परिषद् गठन गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐनको दफा १०५ ले हरेक प्रदेशमा मुख्यमन्त्रीको संयोजकत्वमा गठन हुने परिषद्मा प्रदेशका मन्त्रीहरु, प्रमुख सचिव, सचिवहरु, प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष सदस्य हुन्छन् । स्थानीय तह हेर्ने मन्त्रालयको सचिव परिषद्को सदस्य सचिव हुने प्रावधान छ ।

नेपाल नगरपालिका संघ लुम्बिनी प्रदेशका संयोजक एवं रेसुंगा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले प्रदेशभित्रका पालिकाहरुका साझा समस्या, विकासका नयाँ अवधारणा, तीन तहका सरकारबिच साझा अधिकारका सूचिको कार्यान्वयनमा देखिएका जटिलता, वडादेखि पालिकासम्मको सन्तुलित विकास, वजेटको समानुपातिक वितरण आदि महत्वपूर्ण सवालमा प्रभावकारी छलफल र विचार मन्थन गर्ने थलो प्रदेश समन्वय परिषद् भए पनि एक वर्षसम्म परिषद् गठन नहुँदा बैठक हुन नसक्दा कार्य सम्पादनमा ठूलो असर गरेको गुनासो गरे ।

» बाँकी ३ पेजमा


मुख्यमन्त्री चेतनारायण आचार्य

*मुख्यमन्त्री चेतनारायण आचार्यले अब छिटै परिषद् गठन हुने र नियमित बैठक बस्ने बताए । 'सरकारले भर्खर सय दिन पूरा गरेको छ, अब परिषद गठन गरी सक्रिय बनाउँछौं, नियमित वैठक गर्छौं'-आचार्यले भने-छिटै नै विभिन्न क्षेत्रका १२ जना विज्ञ मनोनित गरी परिषद्लाई पूर्णता दिएर बैठक बसेर स्थानीय तहसँग छलफल वहस गर्छौं ।' स्थानीय तहका राय सुझावका आधारमा नै प्रदेश सरकार अघि बढ्ने र आगामी नीति तथा कार्यक्रम र वजेटलाई सन्तुलित तथा सबै पालिकाले अपनत्व लिने गरी बनाउने तयारीमा रहेको मुख्यमन्त्री आचार्यको भनाइ*

## 'रूपन्देहीमा ५ वटा पालिका भए पुग्छ'

सैनामैना नगरपालिकाका पूर्व प्रमुख चित्रबहादुर कार्की परिषदले प्रभावकारी काम गर्न सकेमा मात्र पालिका र सिंगो प्रदेशको सन्तुलित विकास र समृद्धि सम्भव हुने बताउँछन् ।

तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको पालामा परिषद् तुलनात्मकरुपमा प्रभावकारी भएकाले नै कोरोना महामारीको संकटको सामना गर्न धेरै सहज भएको भन्दै कार्कीले त्यस यता भने परिषद बैठकहरु भेला हुने हाजिर गर्ने जाने औपचारिकतामा सीमित र कर्मकाण्डी भएको टिप्पणी गरे ।

परिषदले सांघुरो घेरा भन्दा माथि उठेर पालिका र प्रदेशको वृहत्तर हितमा सोंचेर निर्णय गर्नुपर्ने कार्कीको सुझाव छ । 'जनप्रतिनिधिहरुमा सबै पूर्वाधार आफ्नै पालिकामा हुनुपर्ने सांघुरो सोंच र चिन्तन छ, यसले दीर्घकालीन र दीगो विकास र समस्याको समाधान दिंदैन'-कार्की भन्छन्-'अब पालिकाहरुलाई मर्ज गरेर आधामा झार्नुपर्छ, जस्तो कि रुपन्देहीमा १६ वटा पालिका चाहिंदैन, तिनाउ नदी पूर्व र तिनाउ पश्चिमा बढीमा २-२ वटा र मर्चवार क्षेत्रमा एउटा गरी ५ पालिका भए पुग्छ, तब मात्रै पालिकाको सञ्चालन खर्च घट्छ र पुर्वाधार विकासमा लगानी गर्ने पैसा पुग्छ यो विषय प्रदेश समन्वय परिषदले निर्णय गरेर संघीय सरकारलाई भन्न सक्नुपर्छ ।'

नेकपा एमाले रुपन्देहीका सचिव समेत रहेका पूर्व मेयर कार्कीले धेरै पालिका बनाइंदा चालु खर्च धेरै भएको र अनुत्पादक काममा राज्यको वजेट खेर गएकाले अब पालिकाको संख्या घटाउने विषयलाई प्राथमिकता दिन आवश्यक रहेको बताए ।

केही दिन अघि मात्र प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले पालिकाको संख्या ७५३ बाट घटाएर ५ सय भन्दा कम बनाउनुपर्ने भनी दिएको अभिव्यक्ति एकदमै जायज र राष्ट्रको हितमा भएको एमाले सचिव कार्कीले प्रष्ट पारे ।


चित्रबहादुर कार्की

फोहोरमैला व्यवस्थापन, खानेपानी, सिंचाई, यातायात,स्वास्थ्य, पर्यटन, शिक्षा जस्ता क्षेत्र एउटा सानो पालिकाको मात्र क्षेत्राधिकार र सरोकारको विषय हुन नसक्ने भएकाले समन्वय परिषद्ले जुन पालिकामा जसको राम्रो संभावना छ त्यही अनुसार न्यायोचित बांडफांड गरेर दीर्घकालीन सोंचले काम गरेमा मात्र दीगो विकास हुन सक्ने र समस्या समाधान हुने कार्कीले औंल्याए ।

पालिका मर्ज गरेर घटाउंदा ६० प्रतिशत सञ्चालन खर्च धेरै कम हुन गई त्यो रकम पुर्वाधार र सामाजिक विकासमा खर्च गर्न सकिने भएकाले पालिकालाई घटाउने विषयलाई परिषदले प्राथमिकतामा राख्नुपर्ने कार्कीको सुझाव छ ।

# कन्या गुरुकूल बनाउन तिलोत्तमामा महायज्ञ





**लुम्बिनी संवाददाता**
*तिलोत्तमा*

लुम्बिनी प्रदेशमै पहिलो कन्या गुरुकूल स्थापना र सञ्चालनका लागि तिलोत्तमा नगरपालिका वडा नं. १२ मोहनाजोत टोलमा श्रीमद्भागवत कथा एवं श्रृंगारिक महाआरती सञ्चालन भएको छ ।

स्थानीय राधाकृष्ण आमा समूहको आयोजना र नेपाल सांस्कृतिक महासंघ तिलोत्तमा नगर समितिको सहआयोजनामा श्रीमद्भागवत कथा महापुराण र श्रृंगारिक महाआरती सञ्चालन भएको हो । महायज्ञमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्त महन्तको कथा वाचन तथा कलाकारहरुको सत्संग भजन एवं नाचगान र झांकीको प्रस्तुति हरेक दिन भइरहेको छ ।

उक्त धार्मिक अनुष्ठानमा अन्तर्राष्ट्रिय कथा वाचक विष्णुप्रसाद ज्ञवाली प्रमुख कथा वाचक रहेका छन् भने १००८ स्वामी विवेकानन्द महाराज,स्वामी लोकानन्द, इश्वरकृष्ण महाराज,आचार्य हरिप्रसाद, नारायण दास नागबाबा, पण्डित नेत्रप्रसाद पराजुली, किशोर शरण महराज, योगी सोमराज,श्रीधर आचार्य, चन्द्रकान्त काफ्ले, ओमप्रकाश सुवेदी, शुकदेव अधिकारी लगायतले प्रवचन दिने कार्यक्रम रहेको छ ।

मंसिर ६ गतेसम्म सञ्चालन हुने कार्यक्रममा कलाकारहरु सरोज ढकाल,भजन गायक कृष्ण सुवेदी, अमृत राना,युवराज खराल,कृष्ण थापा,अर्जुन पौडेल,मिलन सापकोटालगायतले भजनकिर्तन, झांकी, नृत्य प्रस्तुत गरेर भक्तजनलाई भरपूर मनोरन्जन दिलाउंदै नचाएका छन् ।

राधाकृष्ण आमा समूहकी अध्यक्ष यशोदा क्षेत्रीले अभिभाकविहीन बालिकाहरुका लागि लुम्बिनी प्रदेशमै पहिलो कन्या गुरुकूल स्थापनाका लागि श्रीमद्भागवत कथा एवं श्रृंगारिक महाआरती सञ्चालन गरिएको बताइन् । महायज्ञमा दान दाताहरुले स्वेच्छाले दान गरेका र सोमबारसम्म करिब २० लाख रुपैयां संकलन भएको अध्यक्ष क्षेत्रीले बताइन् । महायज्ञमा दानवीरहरुले जग्गा दान समेत गरिरहेका बताउँदै क्षेत्रीले पवित्र उद्देश्यले सामाजिक कामका लागि गरिएको कार्यक्रममा उपस्थित भएर सहयोग गर्न सबैसंग अनुरोध गरिन् ।

कार्यक्रममा दिउसो कथावाचनसंगै हरेक साँझ हुने श्रृंगारिक महाआरतीमा ठूलो संख्यामा भक्तजनहरुको उत्साहजनक उपस्थिति हुने गरेको सहआयोजक संस्था नेपाल सांस्कृतिक महासंघ तिलोत्तमा नगर समिति अध्यक्ष संगिता घिमिरेले बताइन् । कन्या गुरुकुल स्थापनाका लागि वडा, नगरपालिका र प्रदेश सरकारले पनि वजेट दिनुपर्ने उनले माग गरिन् ।

दानवीरहरुलाई बाजागाजाका साथ नगर परिक्रमा गराइने,शिलालेखमा नाम लेखिने, शालिक बनाएर राख्ने सम्मका सम्मानका कार्यक्रमहरु रहेका कार्यक्रमका उद्घोषक खेमराज रेग्मीले जानकारी दिए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

## सम्पादकीय

# असल राजनीतिज्ञको अवसान

पूर्व सभामुख दमननाथ ढुंगानाको निधनले मुलुकले इमान्दार राजनीतिज्ञ, मानवअधिकारकर्मी र कुशल सभामुख गुमाएको छ। ढुंगानाको निधनले मुलुकलाई अपुरणीय क्षति पुगेको छ।

२०४७ सालको संविधान बनेपछि भएको पहिलो प्रतिनिधिसभाको चुनावपछि सभामुख चुनिएका थिए, ढुंगाना। कांग्रेस र एमालेबीचको कठोर तिक्तताका बीच पनि उनी सर्वसम्मत सभामुख चुनिए। कांग्रेसले ढुंगानालाई उम्मेदवार खडा गरेपछि एमालेले झलनाथ खनाललाई उम्मेदवारी फिर्ता गराएर सर्वसम्मत हुने वातावरण बनाएको थियो। राजनैतिक सहकार्यको वातावरण भन्दा पनि ढुंगानाको व्यक्तित्वप्रतिको सम्मान थियो त्यो। कांग्रेस सत्तामा थियो, एमाले प्रतिपक्षमा। २०४८ देखि २०५१ सम्मको यो अवधि कांग्रेस –एमाले टकरावमा बित्यो। एमालेप्रति कठोर रहेका गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएका बेला विषम परिस्थिति थियो। यस्तो बेला ढुंगानाले संसदलाई सन्तुलित बनाए। उनले सत्ता पक्षको लागि सरकार र सदन प्रतिपक्षको भन्ने संसदीय मुल्य र मान्यतालाई स्थापित गराएर संसदीय मान्यतालाई संस्थागत गरे।कठिन र चुनौतिपूर्ण अवस्थामा हो व्यक्तिको मूल्याङ्कन हुने, ढुंगानाले व्यवहारमै सदन प्रतिपक्षको भन्ने मान्यतालाई स्थापित गरेको विषय महत्वपूर्ण छ।

माओवादी द्वन्द्वका बेला शान्तिपूर्ण अवतरणको लागि उनले निभाएको भूमिका पनि अतुलनीय छ। माओवादीलाई शान्तिप्रक्रियामा ल्याउन उनले खेलेको भूमिका र सक्रियताकै कारण उनलाई माओवादीको आरोप लाग्यो। तर पनि उनले कुनै प्रवाह गरेनन्। उनी कहिल्यै माओवादी भएनन्। लोकतान्त्रिक मुल्य मान्यताको पक्षमा खुलेर बोले। द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणमा उनको सक्रियता र समन्वय अब्बल रहयो। पत्रकारिता, वकालत, मानवअधिकारको आन्दोलन हुँदै राजनीतिमा हेलिएका उनी २०४८ सालको चुनावपछि चुनाव जित्न सकेनन्, भलै उनी निष्ठाका सिपाही थिए। लोकतान्त्रिक मुल्य र मान्यतालाई व्यवहारमै आत्मसात गर्ने एक सतिसाल थिए। चुनावमा हुने हार जितले मात्रै व्यक्तिको व्यक्तित्व निर्माण हुने होइन्। व्यक्तिले अगाल्ने व्यवहारले उसको व्यक्तित्व निर्माण हुने हो।

मुलुक अहिले कठिन अवस्थामा गुज्रिरहेको छ। लोकतान्त्रिक प्रक्रिया संस्थागत हुने क्रममा छ। समाजमा बढ्दो अराजकता र राजनैतिक बेमेलले मुलुकका अप्ठारा दिन अझैं आउँदै छन् भन्ने संकेत देखिन्छ। यस्तो बेला ढुंगाना जस्ता समन्वयकारी र प्रष्ट व्यक्ति जसले आफ्नो विचार र धारणमा अरुलाई सहमत गराएर हिडाउन सक्यो, यस्तै कुशल व्यक्तिको खोजी गरिरहेको छ। उनका असल गुणलाई आत्मसात गर्दा नै मुलुकले लाभ पाउनुको साथै उनीप्रति सच्चा श्रद्धाञ्जली हुने छ। निष्ठा र समर्पणका खम्बा दमननाथ ढुंगानालाई हार्दिक श्रद्धाञ्जली।

# आत्मविश्वासको पतन र नयाँ राजनीतिको उदय



दीपकराज जोशी

***वर्षौंदेखि बिग्रिएको राजनैतिक संरचनालाई सही दिशामा ल्याउन के नयाँ पार्टीहरू साँच्चै सक्षम हुनेछन् त ? नेपालको अहिलेको राजनीति 'गणेश मोडल'मा चलेको छ। 'कुमार मोडेल' सजिलो छैन, मेहनत चाहिन्छ। नेताकै वरिपरि घुमेर पद पाइने भएपछि संसार किन घुम्ने ? के अब आउने पार्टीले राजनैतिक मोडल परिवर्तन गर्न सक्लान् ? नयाँ पार्टीको भविष्य कस्तो हुन्छ त्यो त समयले नै बताउला, तर नेपालका अधिकांश नागरिक यो राष्ट्रको उन्नतिको लागि नयाँले केही गर्नेछ भन्ने कुरामा भने आशावादी बनेका छन्।***

विगत स्थानीय र संसद्को चुनावमा नेपाली राजनीतिले केही नयाँ अनुहारहरू स्वतन्त्र र पार्टीको रूपमा देख्न सफल भयो। भारी मतान्तरको जितसँगै ती नयाँ अनुहारहरूले स्वतन्त्र र पार्टीको रूपमा पुराना राजनीतिक शक्तिहरूलाई सङ्कटमा पार्दै र पुराना पार्टीको सङ्गठनको बारेमा गहिरोसँग सोच्न बाध्य बनाएको छ।

मूलधारका परम्परावादी दलहरूले पाएको प्रहार यति भयङ्कर थियो कि यदि उनीहरूले आगामी दिन हरूमा आफू गर्ने गरेको राजनीतिलाई पुनर्विचार गर्दै गहिरो रूपमा परिवर्तन गरेनन् भने उनीहरूको अन्त्य निश्चित हुनेछ भनेर केही राजनैतिक विश्लेषकहरू विश्लेषण गर्छन्।

अहिले आएको नेतृत्वमा धेरैजसो कुनै पनि पार्टीमा नलागेका र सक्रिय नभएका र केही विभिन्न राजनीतिक तथा सामाजिक संस्थामा अनुभव हासिल गरेका सदस्यहरू सक्रिय रहेका राजनीतिज्ञहरूको उपस्थिति छ। यीबाहेक पनि अरू थुप्रै सम्भावना बोकेका व्यक्तिहरू राजनीतिमा होमिँदै छन्।

नेपालको राजनैतिक मानचित्रमा स्वतन्त्रहरूको उदयसँगै राजनीतिक क्षेत्रमा फरक किसिमको रचनात्मक बहस सुरु भएको छ। लामो समयपछि जनताहरूले थोरै भए पनि राहत महसूस गर्दै एक किसिमको वैकल्पिक आनन्दको अनुभूति गरेका भए पनि नयाँ दलहरू समेत छोटो समयमा नै विवादित हुन पुगेका छन्।

३४ वर्षसम्म एकछत्र राजनीति गरेका यी मूलधारका दलहरूले दिएका झूटा आश्वासन, ठगी र नातावाद/कृपावादबाट नागरिकहरू दुःखी र थकित भएका छन् भने अर्कोतिर केही नेपाली नागरिकहरू आफ्नै जीवनकालमा परिवर्तन सम्भव छ भन्ने आशामा बाँचेका छन् र, ती परिवर्तनहरू प्राप्त गर्न सकिन्छ भनेर देखाउन चाहन्छन्। जनताको जीवनमा प्रभाव पार्न नसकेका राजनीतिक विचारधाराहरूबाट थाकेकाहरूको माझ बालेन, गोपी हमाल, हर्क साम्पाङ र रास्वपा परिवर्तनको वाहक बनेर आएता पनि छोटो समयमा नै एकपछि अर्को काण्डले बिस्तारै नागरिकहरूको आशालाई विलीन तुल्याउँदै गएको महसूस हुँदैछ।

कतिपय राजनीतिक पण्डितहरूले नयाँ पार्टीहरूलाई पपुलिस्ट हुन यिनीहरू केही समयपछि आफैं विस्थापित हुन्छन् भन्ने गरेका छन्। तर, नेपालको राजनीतिक इतिहास हेर्ने हो भने आजसम्म सबै पार्टीहरू आफ्ना एयउगष्कित एजेन्डाले नै सरकारमा जान सफल भएको देखिन्छ। पुराना पार्टीहरूले आफ्नो विचारधारालाई समयसान्दर्भिक बनाउन नसक्नु, बदलिँदो परिस्थिरमा समाजका मुद्दाहरू र प्राथमिकताहरू परिवर्तन गर्न नसक्नु, नयाँ यथार्थसँग समायोजन नगरीकन उही पुराना विचारधारालाई जबर्जस्ती लाद्न खोज्नुले नै उनीहरूको सान्दर्भिकता हराउन मद्दत गरेको छ।

८० वर्ष भन्दा अगाडि खोलिएका पार्टीहरूलाई अहिले पनि तिनै पुरानै नेताहरूले विरासत धानेर राखेका छन्। नयाँ, सक्षम नेतृत्वलाई अगाडि नबढाउँदा नयाँ पुस्ताहरूसँगको सम्बन्ध गुमाइरहेको अवस्था छ। विगत ३४ वर्षमा पुराना पार्टीहरूले आफ्नो सिद्धान्तलाई तिलाञ्जली दिएर केवल सत्ता या पदको दुरुपयोग गरिरहेका छन्। आफ्नै पार्टीको राजनैतिक विचारधारामा अडिग हुन नसक्ने पार्टीप्रति जनतामा असन्तुष्टि र विश्वासको सङ्कट उत्पन्न भएको छ।

पुराना पार्टीहरू विभिन्न गुटमा विभाजित छन्। गुटबन्दीले आन्तरिक कलहले पार्टीलाई विभाजन गरेको छ। पुराना पार्टीसँग कार्यकर्ता भए पनि सङ्गठनात्मक संरचना बिस्तारै कमजोर हुँदै गएको देखिन्छ। विभिन्न कारणले थाकेका नागरिकहरू ताजा मुद्दा र नयाँ दृष्टिकोण लिएर आउने व्यक्ति वा पार्टीलाई मौका दिन चाहन्छन्। नयाँ पार्टीहरूलाई विशेषगरी युवा र परिवर्तन चाहने मतदाताहरूको समर्थन छ।

अहिले रहेका पुराना पार्टीहरूले नयाँ पुस्ताको समस्या र चाहनालाई सम्बोधन गर्ने ठोस नीति वा कार्यक्रम ल्याउन नसकेको अवस्था छ। अर्कोतिर पुराना पार्टीहरूले बारम्बार शासन गर्दा भ्रष्टाचार, कुशासन र असन्तुष्टिदेखि रहेका नयाँ पुस्ताले नयाँ विकल्प खोजिरहेको छ।

त्यस्तो विकल्प जसले सुधार र परिवर्तनको आश्वासन दिन सक्छ। त्यसका लागि नयाँ नेतृत्वसँग नयाँ मुद्दाहरू, विचारहरू र नीति कार्यक्रमहरू अगाडि सारेको हेर्न चाहन्छन्। विशेषगरी युवा वर्गलक्षित ताजा दृष्टिकोणले पुराना समस्याहरूलाई नयाँ तरिकाले सम्बोधन गर्ने सम्भावना देखाउँछ।

हुन त केही नयाँ पार्टीका नेताहरूमा पारदर्शित नदेखिएता पनि नागरिकहरू अझैं नयाँ पार्टीहरूको नेतृत्वमा नयाँ, ऊर्जावान् र पारदर्शी नेताहरू आउन र उनीहरूले सुधारको प्रतिज्ञा गरून् भन्ने इच्छा राखेका छन्। नयाँ पार्टीहरूले जहिले पनि पुराना पार्टीहरू जसलाई हामी स्थापनावादी पनि भनिन्छ, उनीहरू लामो समयदेखि शक्तिमा रहेको तर नागरिकका समस्याहरूलाई समाधान गर्न नसकेको कारणले स्थापनावादी प्रवृत्तिको विरुद्धमा विद्रोह गर्न चाहन्छन्।

अबको राजनीति भनेको नागरिकमुखी, विकासमुखी हुनुपर्छ। जसले शिक्षा, स्वास्थ्य, रोजगारी वा सामाजिक न्यायलाई केन्द्रित गरेर जनतामा विशेष अपिल गर्न सक्छन् त्यही पार्टीहरूलाई जनताले मन पराउनेछन्। जब नेतृत्वमा विश्वास हराउँछ तब जनताहरू समाजलाई योगदान दिने मुक्तिदाता खोज्न थाल्छन्। विश्वास त्यस्तो चीज हो जुन परिणाम र प्रक्रियाहरूमार्फत् निर्माण हुन्छ। विभिन्न परिवर्तनका बाबजुद नेपाली नागरिकहरूले अहिले पनि एउटा मुक्तिदाता खोजिरहेका छन्।

झन्डै चार दशकदेखि नेपाली जनताहरू वामपन्थी र दक्षिणपन्थी दर्शनको चपेटामा परिरहेका छन्। मूलधार पार्टीहरू सिद्धान्त रटेर/रटाएर जनतालाई भ्रममा पार्दै शासन चलाइआएका छन्। सरकारमा जानकै लागि विभिन्न अनैतिक गठबन्धन गरेको र जनताका समस्याहरू समाधान नगरेको पाइन्छ।

बिगारिएको राजनीतिक व्यवस्थालाई सपार्नको लागि, लड्नको लागि नागरिकहरूले नयाँ नेतृत्व खोजिरहेका छन्। नेपाली जनतालाई परेको समस्या र त्यसको सत्यताको पक्षमा बोलेर मौनता तोड्दै आवाजविहीनलाई आवाज बनिरहेको छ। समाज समृद्ध भयो भने समृद्ध समाजबाट फाइदा लिने यही देशका नगरिक नै हुन् र, समाज समृद्ध बनाउन लड्नुपर्छ, आवाज उठाउनुपर्छ। यदि नागरिकहरूले आवाज उठाएनन् भने केही मुट्ठीभर व्यक्तिहरूले जनतामाथि सदैव राज गरि नै रहन्छन्। त्यसैले आ-आफ्नो क्षेत्रबाट समाज रूपान्तरण गर्नको लागि आवाज उठाउनुपर्छ र लड्नुपर्छ। यो नै अबको राजनीतिको मूल मन्त्र हुनुपर्छ र यो मन्त्रले जनतालाई उक्साइरहेको छ।

आजसम्म हाम्रो लोकतन्त्र पाँच वर्षमा एक पटक निर्वाचन गराउनमा मात्र सीमित छ। लोकतन्त्रको आधार संख्यात्मक भन्दा गुणात्मक क्षेत्रमा हुनुपर्छ। हाम्रो लोकतन्त्रले शासन प्रणालीको रूपमा जनताबाट विश्वास गुमाउँदै गएको छ, राजनीति बिगार्नु र राजनीतिज्ञहरूलाई दोष लगाउनु पनि कहीँ न कहीँ यो प्रणालीको दोष छ भन्ने कुरामा जनता विश्वस्त छन्।

नयाँ आउने पार्टीहरूलाई राजनैतिक भविष्य सोचेजस्तो सहज भने छैन। उनीहरूको लागि अगामी दिनहरू कष्टकर हुनेछन्। जनस्तरमा आधारित सङ्गठन र कार्यकर्तामा आधारित सङ्गठनहरू बीचको मीठो अर्थपूर्ण अस्तित्व खोज्न नयाँ पार्टीहरूलाई त्यति सहज छैन। नयाँ पार्टीलाई बलियो पार्टी बनाउनु नै आगामी दिनमा सामना गर्ने सबैभन्दा ठुलो चुनौती हुनेछ। कुनैपनि पार्टीको सफलता र असफलता उसले पाउने भोटले निर्धारण गर्छ भने, चुनावमा पाउने भोट उनीहरूको सङ्गठनमा निर्भर गर्छ।नयाँ पार्टीहरूले आफूलाई वैकल्पिक उदारवादी लोकतान्त्रिक पार्टी बनाउनको लागि अघि बढिरहेको छ। गाउँ-गाउँमा सङ्गठन गर्न उनीहरूलाई अनगिन्ती समय खर्च गर्नुपर्ने छ।

नेपाली राजनीतिमा मतदाताको अपेक्षा पूरा गर्नु सजिलो काम होइन। वर्षौंदेखि जनताले समर्थन गर्दै आएका मूलधारका पार्टीहरूको सङ्गठन चिर्दै स्थानीय तहमा चुनावमा धेरै भोट ल्याउन सक्ने वातावरण सृजना गर्न सक्ने नयाँ इमानदार नेताहरू उत्पादन गर्न त्यति सहज छैन। पार्टी स्थापना गर्दै नेता बन्ने होडबाजी हाम्रो समाजमा धेरै नै भेटिन्छ। नयाँ पार्टीले नेता त बनाउला तर उनीहरूले चुनावमा कति भोट ल्याउन सफल हुन्छन् त्यसले उनीहरूको नेतृत्व दर्शाउने छ।

समय व्यवस्थापन, ज्ञान व्यवस्थापन र प्रतिभा व्यवस्थापन अहिलेका मूलधार पार्टीहरूमा छैन। यी तीन बुँदाहरू वैज्ञानिक सङ्गठन व्यवस्थापनको लागि ठुलो सम्पत्ति हुनेछ। सबैभन्दा ठुलो ब्यक्तिको नैतिकता हो। असल व्यक्तिले असल समाज सृजना गर्छ, असल समाज सृजना भयो भने असल समृद्ध देश बन्छ। अबको दिनमा नयाँ आउने पार्टीले वैदिक लोकतन्त्रलाई महत्त्वपूर्ण घटकको रूपमा जोड्नुपर्छ।

आफ्नो समाजको विकास र समृद्धिको सपना देख्ने र जनताको वास्तविक प्रतिनिधित्व गर्ने लोकतन्त्रमा आफ्नो आशा राख्ने जनतामा भ्रम फैलाउने राजनीतिक खेलबाट जनता थकित भएका छन्। समाज रूपान्तरणका लागि नेपाललाई थुप्रै नयाँ राजनैतिक अनुहार र पार्टीहरू चाहिन्छ जसले पुराना परम्परावादी सोच राख्ने असफल भएका राजनैतिक पार्टीहरूलाई विस्थापित गर्न सकोस्।

राजनीतिक दलहरूबीचको स्वस्थ प्रतिस्पर्धाले लोकतन्त्र सुदृढ हुन्छ। सुदृढ लोकतन्त्र जनताको समृद्धि र शान्तिको केन्द्रबिन्दु हो। वर्षौंदेखि बिग्रिएको राजनैतिक संरचनालाई सही दिशामा ल्याउन के नयाँ पार्टीहरू साँच्चै सक्षम हुनेछन् त ? नेपालको अहिलेको राजनीति 'गणेश मोडल'मा चलेको छ। 'कुमार मोडेल' सजिलो छैन, मेहनत चाहिन्छ। नेताकै वरिपरि घुमेर पद पाइने भएपछि संसार किन घुम्ने ? के अब आउने पार्टीले राजनैतिक मोडल परिवर्तन गर्न सक्लान् ? नयाँ पार्टीको भविष्य कस्तो हुन्छ त्यो त समयले नै बताउला तर नेपालका अधिकांश नागरिक यो राष्ट्रको उन्नतिको लागि नयाँले केही गर्नेछ भन्ने कुरामा भने आशावादी बनेका छन्। घटना र विचारबाट

# नेपाली माछाले बजार पाएन

चितवन। भारतीय माछाका कारण नेपाली माछाले बजार नपाउँदा किसान चिन्तित बनेका छन्। सिमाबाट भन्सार छलेर आएका माछाका कारण यहाँ उत्पादित माछाले बजार पाउन नसकेको किसानहरुले गुनासो गरेका छन्।

मत्स्य व्यवसायी सङ्घ चितवनका सचिव लुलाराज तामाङ्ग अनुसार अहिले माछापालन गर्ने किसान माछा बिक्री नहुँदा निराश बनेका छन्। उनले भने- "अहिले मात्रै चितवनमा ३०० टन माछा बिक्रीका लागि तयारी अवस्थामा रहेको छ।"

बिक्रीका लागि तयारी अवस्थामा रहेका माछाले बजार नपाउँदा किसान आफैं भन्सार छलेर आएका माछाको निगरानीमा लागेका छन्।

भन्सार छलेर आएका माछा सस्तो मूल्यमा पाइने र नेपाली माछाले सो मूल्यसँग प्रतिस्पर्धा गर्न नसकेको तामाङले बताए। काठमाडौंको बजारमा मात्रै दैनिक १५ टन माछा बिक्री हुने गरेको भए पनि अहिले नेपाली माछा नगन्य रुपमा मात्रै काठमाडौं भित्रिने गरेको उनले बताए। यहाँको माछाको बजार काठमाडौं, पोखरालगायतका ठाउँ हुने गरेको भए पनि अहिले माछा खपत कम भएको सङ्घका सदस्य नीरञ्जन थापा बताउँछन्।

थापाका अनुसार अहिले भन्सार छलेर आएका माछाको निगरानीका लागि काठमाडौं, पोखरा प्रवेश गर्ने नाकामा सशस्त्र प्रहरी बलको सहयोगमा निगरानी बढाइएको उनले जनाए।

मङ्सिर र पुस महिनाभित्र नेपाली उत्पादनलाई बजारमा लगिसक्नुपर्ने भन्दै उनले यस्तै अवस्था रहे नेपालको उत्पादनले बजार पाउन कठिन हुने गुनासो गरे। अहिले किसानकोमा जलकपुर र पाङ्गास माछा तयारी अवस्थामा रहेका छन्।

जिल्लामा हाल ८०० भन्दाबढी हेक्टर क्षेत्रफल जलाशयमा माछा पालिँदै आएको छ। पशुसेवा कार्यालय तथा विज्ञ केन्द्र भरतपुरका मत्स्य विकास अधिकृत गङ्गा भण्डारीका अनुसार जिल्लामा हाल एक हजार १०५ हेक्टर क्षेत्रफलमा पोखरी निर्माण गरी माछा पालिँदै आएको छ।

त्यसबाट ४६ लाख ५५ हजार किलो माछा उत्पादन हुने गरेको उनी बताउँछन्। उनले भने-"बजारमा माछा आउन थालेको छ, भारतीय माछाका कारण नेपाली माछाले बजार नपाउने समस्या बढ्दो छ।" भारतीय माछाको चोरी पैठारी रोक्न सरकारले काम गरिरहेको उनले बताए।

माडी, रत्ननगर, भरतपुरलगाय ठाउँ माछाका लागि पकेट क्षेत्रका रुपमा रहेका छन्। यस्तै खैरहनी र राप्तीमा पनि माछापालन हुँदै आएको उनले बताए।

# तोरीको साग : भिटामिन र खनिजको भण्डार



क्यान्सरको जोखिम कम गर्छ। तोरीको सागमा एन्टिअक्सिडियन्ट र अनुत्तेजक तत्व हुन्छ। जसले क्यान्सरको जोखिम कम गर्छ। यसले ब्लाडर, कोलोन, स्तन, फोक्सो, प्रोस्ट्रेट र अन्डासयमा हुने क्यान्सरको जोखिमलाई कम गर्छ। मुटु स्वस्थ राख्छ तोरीको सागको नियमित सेवनले मुटु स्वास्थ्य राख्न पनि सहयोग गर्छ। यसलेरगतमा कोलेस्ट्रोलको तह घटाउने र फोलिक एसिड (भिटामिन एम) को मात्रा बढाउँछ। एन्टिअक्सिडियन्टको मात्रा बढी तोरीको सागमा भिटामिन के, भिटामिन ए र भिटामिन सी गरी तीन ठूला एन्टिअक्सिडियन्टको मात्रा हुन्छ। यसमा आइरन, भिटामिन एम र भिटामिन ई पनि पाइन्छ। भिटामिन ई, सी र एले कोषलाई क्षति गर्ने अणुहरुलाई नष्ट गर्न सहयोग पुर्‍याउँछ। साथै यसले दम र मुटु रोग लागेका बिरामीलाई फाइदा गर्नुका साथै पिरियड समाप्त भएपछि महिलामा देखिने समस्या रोक्छ।

लागु पदार्थको विषलाई निस्तेज पार्छ मदिरा र ड्रग्समा हुने बिष हटाउँछ पनि तोरीको हरियो सागले मद्दत गर्छ। यसमा पाइने एन्टिअक्सिडियन्ट र सल्फरले विषालु पदार्थलाई हटाउँछ।

पाचनक्रियामा सहयोगी यो साग पोषणयुक्त फाईबरको मुख्य स्रोत पनि हो। यसले मलाशयलाई राम्रो गर्छ, मेटाबोलिजमलाई व्यवस्थापन गर्छ र पाचन प्रणालीलाई समेत सहयोग गर्छ। हड्डी सम्बन्धी रोगबाट बचाउँछ तेरीको साग क्याल्सियम र पोटासियमको महत्वपूर्ण स्रोत हो।

यो सागले हड्डीसँग सम्बन्धित प्राय सबै समस्याबाट मुक्ती दिलाउँछ। तौल घटाउँछ यो सागमा उच्च मात्रामा फाइबरयुक्त पोषण हुने भएकाले मेटाबोलिजमलाई व्यवस्थापन गर्न र तौल घटाउन पनि मद्दत गर्छ। मानसिक स्वास्थ्यमा सुधार ल्याउँछ मानिस वृद्ध हुँदै गर्दा उसको मानसिक क्षमतामा पनि बिस्तारै ह्रास आउँछ। अध्ययन अनुसार दिनमा तीन पटकसम्म हरियो सागसब्जी खाँदा मानसिक क्षमताको ह्रासमा ४० प्रतिशतले घट्छ। दमका रोगीलाई राहत यो साग दम रोगीका लागि पनि उत्तिकै लाभदायक हुन्छ। यसले फोक्सो स्वस्थ बनाउँछ।



काउली खेती

पाल्पाको रामपुर नगरपालिका-६ स्थित प्याक्लुकका किसान गंगाप्रसाद बस्यालले बारीमा लगाएको काउली खेती। उनले एक दशकदेखि व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएका छन्। बारीमा लगाएको तरकारीबाट उहाँले राम्रो आयआर्जन गर्नुभएको छ। तस्बिर : सुशीला रेग्मी/रासस

# लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य समस्या जटिल बन्दै



लुम्बिनी । लुम्बिनी प्रदेशमा पछिल्लो समय मानसिक स्वास्थ्य समस्या जटिल बन्दै गइरहेको पाइएको छ।

पछिल्लो अध्ययनअनुसार लुम्बिनी प्रदेशमा १३ देखि १७ वर्षका छ दशमलव एक प्रतिशत किशोर-किशोरीमा मानसिक स्वास्थ्य समस्या देखिएको छ। यस्तै १८ वर्षमाथिका १३ प्रतिशत व्यक्ति आफ्नो जीवनकालमा मानसिक स्वास्थ्य समस्याबाट पीडित भएका र पाँच दशमलव चार प्रतिशतमा मानसिक स्वास्थ्य समस्या झेलिरहेका छन्।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण-२०२२ को तथ्याङ्कअनुसार लुम्बिनी प्रदेशका २० प्रतिशत महिला र ११ प्रतिशत पुरुषमा चिन्ताजन्य समस्या तथा चार प्रतिशत महिला र दुई प्रतिशत पुरुषमा 'डिप्रेसन' को समस्या रहेको छ। सोही सर्वेक्षणअनुसार नेपालमा १५ देखि ४९ वर्षका २२ प्रतिशत महिला र ११ प्रतिशत पुरुषमा चिन्ताजन्य समस्याका लक्षणहरु तथा पाँच प्रतिशत महिला र दुई प्रतिशत पुरुषमा डिप्रेसनका लक्षणहरु देखिएको छ।

स्वास्थ्य मन्त्रालयको आयोजना र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपालको प्राविधिक सहयोगमा प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना निर्माणका क्रममा प्रदेश राजधानी दाङ-देउखुरीमा आयोजित सो मस्यौदामाथिको छलफल कार्यक्रममा मानसिक स्वास्थ्यको समस्या विकराल बन्दै गइरहेकाले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवालाई जनस्तरमा पुऱ्याउन नीतिगत सुधार गरी अघि बढ्न सुझाव दिइएको छ।

प्रदेश स्वास्थ्य मन्त्रालयले तयार पारेको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना मस्यौदामाथिको छलफलमा गुणस्तरीय मानसिक स्वास्थ्य सेवामा सहज र समान पहुँच बढाउन, मानसिक स्वास्थ्य सेवामा बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारी बढाउन, स्वास्थ्य सेवा प्रणालीअन्तर्गत एकीकृत मानसिक स्वास्थ्य सेवा पुऱ्याउन भनी रणनीतिक कार्ययोजना निर्माण गर्न थालिएको जनाइएको छ।

आत्महत्या रोकथाम तथा न्यूनीकरणको मुद्दालाई सूचकको रुपमा उल्लेख गरिएको उल्लेख गर्दै सरकारी तथा गैरसरकारी निकायले यसकिसिमको विकराल समस्यालाई समाधान गर्नेगरी प्राथमिकताका साथ कार्यक्रम बनाउन नसकेको भनी चिन्ता व्यक्त गरिएको छ।

सो अवसरमा मस्यौदाको रुपमा रहेको कार्ययोजनालाई सरोकारवाला पक्षसँग छलफल गरेर टुङ्गोमा पुऱ्याइने र मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर कार्यान्वयनमा लगिने प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए। "भौतिक विकासले मात्रै सुख दिँदैन। सुखका लागि मानसिक रुपमा मानिस स्वस्थ हुनुपर्छ। यसका लागि हामीले रणनीतिक कार्ययोजना बनाएर कार्यान्वयनमा लैजादैछौँ", उनले भने-"तथ्य र प्रमाणमा आधारित योजना निर्माण गरेर स्वस्थ समाज निर्माण गर्न मानसिक रोग न्यूनीकरण गर्ने अभियानमा जुटेका छौँ।"

स्वास्थ्य मन्त्रालयका सचिव डा. वासुदेव उपाध्यायले प्रदेश सरकारले मानसिक स्वास्थ्यका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार पार्नेगरी भूमिका बढाएको बताउँदै मनोसामाजिक सेवालाई पनि जनस्तरमा पुऱ्याउने गरी कार्यक्रम बनाइएको स्पष्ट गरे।

प्रदेशसभा अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले मानसिक स्वास्थ्य समस्या विकराल बन्दैजाँदा त्यसको असर सबै क्षेत्रमा पर्ने भएकाले समयै रोकथामका उपाय पत्ता लगाइ समस्या सम्बोधन गर्नुपर्ने धारणा व्यक्त गरे।

प्रदेशसभा सामाजिक विकास समितिका सभापति यमबहादुर नेपालीले मानसिक रोगका बारेमा अनावश्यक भ्रम फैलाई व्यक्ति र समाजलाई आतङ्कित पार्ने काम भइरहेकाले त्यस्ता अफवाह र भ्रमहरु चिर्नेगरी कार्यक्रम तर्जुमा गर्न सुझाव दिए।

छलफल कार्यक्रममा प्रदेशसभा सदस्य नवराज न्यौपाने, लोका विश्वकर्मा, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रेखा कँडेललगायतले मानसिक स्वास्थ्य सेवालाई आधारभूत सेवाको रुपमा व्यावहारिक रुपमा अघि बढाउन जरुरी रहेको बताए।

सीएमसी नेपालका प्रादेशिक संयोजक हिमाल गैरेले मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना निर्माणका लागि प्रदेश सरकारसँग सहयोग र सहकार्य गर्ने जानकारी दिए।

मानसिक रोग विशेषज्ञ डा वासुदेव कार्कीले सरकार र समुदाय बीचको साझेदारीले मानसिक स्वास्थ्य सेवा प्रवाहलाई चुस्त बनाउन सकिने उल्लेख गर्दै मानसिक स्वास्थ्यसँग सम्बन्धित समस्यालाई प्राथमिकतामा राखेर लगानि गर्न सरकारको ध्यानाकर्षण गरे।

यसैगरी मनोसामाजिकविद् पशुपति महतले तीन तहका सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर आधारभूत सेवा प्रवाहमामा सहकार्य गर्नुपर्नेमा जोड दिए।

नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा सम्बोधन गरे पनि सहज, सरल र सुलभ रुपमा सबैको पहुँचमा सेवा पुग्न नसकेको अवस्था छ। स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक नोदनारायण चौधरीले लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य एक जटिल समस्याको रुपमा देखापरेको भन्दै समस्या समाधानका लागि सबै निकायको बीचमा साझेदारी जरुरी रहेको बताए।

# सामुदायिक वनलाई आयआर्जनसँग जोड्न पर्ने



देवदह । सामुदायिक वनलाई आयआर्जनसँग जोड्न सके रोजगार सृजना हुने लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले बताएका छन्। उनले सामुदायिक वनमा वनलाई व्यवस्थित गरी जडीबुटी खेती गर्न सके आर्थिक विकास गर्न सकिने बताए।

पाल्पाली सामुदायिक वन उपभोक्ता समूह देवदह-६, केउलीको १२औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री ढकालले वनलाई पर्यटनसँग जोड्नु पर्नेमा जोड दिए। उनले सामुदायिक वनमा संभावनाको खोजी गरी वनको विकास गर्न आवश्यक रहेको औंल्याए। उनले सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र सदुपयोगको लागि प्रदेश सरकारले नीतिगत व्यवस्था गरेर नागरिकलाई आयआर्जनसँग जोड्ने गरी प्रदेश सरकार लागिरहेको बताए।

मन्त्री ढकालले आमनागरिकको न्यूनतम आवश्यकता पूरा गर्न प्रदेश सरकार तयार रहेको बताउँदै देवदहको केउलीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सरकारले सहयोग गर्ने प्रबिद्धता व्यक्त गरे।

सोही अवसरमा बोल्दै डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन विडारीले समुदायलाई हस्तान्तरण गरेपछि मात्र वनको संरक्षण, सम्वर्द्धन भएको बताए। उनले सामुदायिक वनहरु विद्यान र कार्ययोजना अनुसार चल्नु पर्ने बताउँदै वनलाई जिविकोर्पाजनसँग जोड्न आवश्यक रहेको औंल्याए। उनले सामुदायिक वनले समुदायको विकाससंगै गरिबी न्यूनीकरणतर्फ ध्यान दिनु पर्नेमा जोड दिए। उनले सामुदायिक वनलाई प्रदेश सरकारले लगाएको करको बारेमा राजनीतिक दलहरुले गहल गर्न आवश्यक रहेको बताए। उनले वनलाई डढेलो र चोरी निकासीबाट बचाउनको लागि सम्पूर्ण उपभोक्ताहरु एकतावद्ध भएर लाग्न आग्रह गरे।

पाल्पाली सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सरोजकुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उपमहानगरका पूर्व नगर प्रमुख शिवराज सुवेदी, देवदह नगरपालिका-६, का वडाअध्यक्ष खेमबहादुर थापा, सामुदायिक वन उपभोक्ता महासंघ रुपन्देहीका अध्यक्ष श्यामकला आचार्य, गाउँ वन समन्वय सञ्जाल रुपन्देहीका सचिव टेकबहादुर राना, देवदह आर्दश बहुमुखी क्याम्पसका उपाध्यक्ष प्रकाश अर्याललगायतले आ-आफ्ना भनाइ राखेका थिए।

कार्यक्रममा अध्यक्ष थापाले समूहको वार्षिक प्रतिवेदनसँगै आगामी योजनाको बारेमा प्रकाश पारेका थिए भने कोषाध्यक्ष हुमकुमारी गाहाले ६७ लाख ५० हजार ७ सय ४३ रुपैयाँ बराबरको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। समूहका अनुगमन समितिका संयोजक विष्णु बरालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# नेपाल र बङ्गलादेशबीच जलवायुका विषयमा सहकार्यको महत्व छः मन्त्री शाही



बाकु (अजरबैजान) । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही र बङ्गलादेशका वन, वातावरण र जलवायु परिवर्तनसम्बन्धी मन्त्री स्येदा रिजवाना हसनबीच भेटवार्ता भएको छ।

अजरबैजानका बाकुमा जारी जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२९) स्थलमा आज उहाँहरुबीच भएको भेटमा द्विपक्षीय आपसी हित र सहयोगका विविध पक्षमा कुरा भएको भेटमा सहभागी मन्त्रालयका उपसचिव दीपा ओलीले जानकारी दिनुभयो।

भेटमा मन्त्री शाहीले बङ्गलादेश र नेपालबीच जलवायु परिवर्तनको विषयमा धेरै समानता भएकाले यस विषयमा दुई देशको सहकार्यको ठूलो महत्व रहेको बताउनुभएको थियो।

साथै उहाँले बङ्गलादेश र नेपाल बीचको ऊर्जा व्यापार सम्झौतालाई निष्कर्षमा पुऱ्याउन, उहाँको महत्वपूर्ण भूमिका र नेतृत्वका लागि आभार व्यक्त गर्नुभयो।

यसैको परिणामस्वरूप, नेपालले १६ नोभेम्बर २०२४ देखि औपचारिक रूपमा ४० मेगावाट जलविद्युत् बङ्गलादेशलाई निर्यात गर्न सुरु गरेको छ।

मन्त्री शाहीले भनेभयो, "सन् २०२६ को अन्त्यमा हाम्रा दुवै राष्ट्रहरु अति कम विकसित मुलुकको स्तरबाट अघि बढ्ने भएकाले त्यस बेलाका लागि पनि यो सहकार्य अझ महत्वपूर्ण हुनेछ।"

सो अवसरमा बङ्गलादेशका वन, वतावरण र जलवायु परिवर्तनसम्बन्धी मन्त्री हसनले कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नै नेपालसँग सुदृढ सम्बन्ध र सहकार्य रहँदै आएको बताउँदै आगामी दिनमा थप विस्तार हुने अपेक्षा गर्नुभएको थियो। सन् १९७१ मा बङ्गलादेशको स्थापनालगत्तै नेपाल र बङ्गलादेश बीचको द्विपक्षीय सम्बन्ध स्थापित भएको हो।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) यही कात्तिक २६ गतेदेखि जारी छ।

आगामी मङ्सिर ७ गतेसम्म चल्ने सम्मेलनमा अनुकूलन, हानि-नोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकसित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्यको कार्यान्वयनको प्रभाव, पेरिस सम्झौताको दफा ६, पेरिस सम्झौताको वैश्विक मापन, महासन्धिको दीर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, जस्ट ट्रान्जिसनसम्बन्धी वर्क प्रोग्राम, न्यूनीकरणसम्बन्धी वर्क प्रोग्राम, लैङ्गिक र जलवायु परिवर्तनलगायत विषयमा छलफल भइरहेको छ।

**प्रदेश...**

'कानून अभावमा स्थानीय तहले काम गर्नै पाएका छैनन्, स्थानीय सेवा ऐन प्रमाणिकरण हुन सकेको छैन,वजेट वितरणमा असन्तुलन र पक्षपात छ, परिषद वैठकमा यी सबै समस्या राखेर समाधान खोज्न पाइएको छैन'-पन्थीले भने-'परिषद वैठकलाई पालिकाका कुरा सुन्ने, राय सुझाव ग्रहण गरेर नीति, कार्यक्रम, योजना र वजेटमा सम्बोधन गर्ने गरी नियमित र प्रभावकारी बनाउन जरुरी छ, कर्मकाण्डी परिषदले ठोस उपलब्धी दिन सक्दैन।'

तिलोत्तमा नगरपालिकाका पुर्व नगर प्रमुख एवं हालका प्रतिनिधि सभा सदस्य वासुदेव घिमिरेले आफू नगर प्रमुख हुंदा भएका वैठकमा करको किसिम तथा दर निर्धारण गर्दा एकअर्काको अधिकारमा हस्तक्षेप नगर्ने, दोहोरो कर नलगाउने र राजस्व बाँडफाँटमा एकअर्कालाई उपलब्ध नगराएको राजस्व उपलब्ध गराउने , कर्मचारी अभाव, रिक्त दरबन्दीमा जनशक्ति पूर्ति, सेवा प्रवाहमा सहजीकरण जस्ता विषय र जिल्ला समन्वय समितिमार्फत अनुगमन गर्ने, प्राकृतिक श्रोतसाधनमा देखिएको विवाद समाधान जस्ता विषयमा छलफल र निर्णयहरु भएका तर त्यसयता विषयकेन्द्रीत छलफल भएको नदेखिएको स्मरण गरे।

संविधानले प्रदेश समन्वय परिषदलाई एकदमै महत्वपूर्ण मानेपनि परिषद प्रभावकारी नहुंदा व्यवहारमा लागू नभएको बताउंछन्। 'परिषद औपचारिकता पूरा गर्ने जम्बो मेला जस्तो मात्र भएको छ, अन्तर पालिका, अन्तर प्रदेश समन्वय, आन्तरिक आय र स्रोत बृद्धि, द्वन्द्व व्यस्थापन, साझा अधिकारका सूचिको सहज कार्यान्वयन गर्न केन्द्रीत भएको छैन, त्यो हुने हो भने मात्रै प्रभावकारी र औचित्यपूर्ण हुन्छ'-घिमिरेले भने-'जिल्ला समन्य समिति समेत भूमिकाविहीन भएको अवस्थामा प्रदेश समन्वय परिषदको जसरी प्रभावकारी समन्वयकारी भूमिका हुनुपर्ने हो हुन सकेको छैन,स्थानीय तहका माग, राय सुझाव र गुनासा खासै सम्बोधन हुन सकेका छैनन्।'

प्रदेशले स्थानीय तहसँग बसेर छलफल गर्दा स्थानीय समस्या, आवश्यकता र प्राथमिकता पहिचान हुने र सोहीअनुसार योजना, कार्यक्रम र दीर्घकालीन योजनाहरु बनाउन र कार्यान्वयन गर्न सहज हुने भएपनि त्यतातिर ध्यान नदिइएको घिमिरेले औंल्याए।


**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

रुपन्देही सुपरलिगः

# बुटवल राइनोजद्वारा गोलपार्क ३ विकेटले पराजित




भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा डिभिजन 'बी'को सोमबारको खेलमा बुटवल राइनोजले गोलपार्क क्रिकेट क्लबलाई पराजित गर्दै जित हात पारेको छ। बुटवलले गोलपार्कलाई ३ विकेटले पराजित गरेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा जारी प्रतियोगितामा जितका लागि पाएको १ सय १२० रनको लक्ष्य बुटवल राइनोजले २४ ओभरमा ७ विकेटको क्षतिमा पूरा गर्यो। उसका लागि नितिन त्रिपाठीले अविजित ४१, विपिनविक्रम शाहीले २७, सलाउद्दिन खानले १८ र शिव कुँवरले १५ रनको योगदान गरे। बलिङमा गोलपार्कका दिवान पुनले ४, सुमित गुरुङ, प्रदीप भण्डारी र रिक्की पुनले समान १-१ विकेट लिए।

यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको गोलपार्कले निर्धारित ५० ओभरमा ३९ ओभर १ बल खेल्दै १ सय १९ रनमा अलआउट भयो। उसलाई न्यून योगफलमा रोक्न बुटवल राइनोजका शिव कुँवर, सुप्रिम कँडेल र विपिनविक्रम शाहीले २-२ तथा सुरज सारु, विकाश साहु, इमरान शेखले समान १-१ विकेट लिन सफल भए। गोलपार्कका आदित्य बन्जाडे र शिवकुमार मौर्यले समान २० रन बनाउँदा आषिश लोहनीले १८, प्रदीप भण्डारीले १५ तथा दिवान पुनले १४ रन बनाए। विपिनविक्रम शाही प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन्। यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ। पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ।

# सिद्धार्थ केवलकारले किन बोलायो विशेष साधारण सभा?



बुटवल । आईपिओ निस्कासनको तयारी गरेको सिद्धार्थ केवलकार लिमिटेडले हकप्रद शेयर निस्कासनको पनि तयारी गरेको छ। त्यसको लागि कम्पनीले यहि मंसिर १४ गते विशेष साधारण सभा आह्वान गरेको छ।

गएको कात्तिक २८ मा बसेको सञ्चालक समितिको बैठकले हकप्रद शेयर निस्कासन, प्रबन्धपत्रमा केही नियमावलीका केही वुदामा संशोधन लगायतका विषयमा निर्णय लिनको लागि विशेष साधारण सभा आह्वान गरेको हो। सिद्धार्थ केवलकार लिमिटेडले कम्पनीको शेयरधनीहरुलाई १ शेयर बराबर १.१२५ को अनुपातमा हकप्रद शेयर निश्कासनको तयारी गरेको छ।

हकप्रद शेयर निश्कासन पछि कम्पनीको चुक्ता पुँजी १ अर्ब २७ करोड ५० लाख पुग्ने छ। यो कम्पनीलाई १५० करोडको बनाईँदै छ। बाँकी २२ करोड ५० लाख रुपैंयाको लागि प्रचलित कानुन अनुसार सार्वजनिक शेयर (आईपिओ) निस्कासन गरिने कम्पनीका प्रवन्ध सञ्चालक प्रभुलाल अधिकारीले बताउनु भयो। बुटवल उपमहानगरपालिका वडा नं. १ बाट पाल्पाको तिनाउँ गाउँपालिकाको नुवाकोटलाई जोड्ने यो केवलकारको वटम स्टेशन र टप स्टेशनमा पूर्वाधार निर्माण भईरहेको छ।

उद्घाटन भई नसकेको यो केवलकारको दुरी दुई किलोमिटर भन्दा कम छ। कम्पनी सञ्चालक समितिको बैठकले मंसिर १ गतेदेखि लागु हुनेगरी केवलकारको एकतर्फी र दुईतर्फी भाडा निर्धारण गरेको छ। जसमा एकजनाको दुई तर्फी भाडा शुल्क ७ सय रुपैंया र एकतर्फी ४ सय रुपैंया निर्धारण गरिएको छ।

२०८१ चैत मसान्तसम्म विशेष छुट सहित ३५० रुपैंयामा दुई तर्फी यात्रा गर्न सकिने छ। त्यसैगरी नेपाल बाहेक सार्क राष्ट्रबाट आएका पर्यटकका लागि १ हजार रुपैंया र अन्य देशबाट आएका पर्यटकका लागि १५ डलर लाग्ने छ। त्यसमा पनि सार्क राष्ट्रकालाई यो अवधिको लागि एक जना पर्यटकको दुईतर्फी भाडा ५५० रुपैंया र सार्क बाहेकका राष्ट्रबाट आएका पर्यटकका लागि ७ डलर कायम गरिएको कम्पनीले जनाएको छ।

# ग्रेस बुटवलको एडुभर्स मेलामा उत्साहजन सहभागिता




बुटवल । ग्रेस इन्टरनेशनल बुटवलमा 'एडुभर्स २०२४' शैक्षिक मेलामा करिब १३ सय जना सहभागी भएका छन्।

मङ्सिर २ गते बुटवलमा भएको मेलामा उत्साहजनक सहभागिता भएको ग्रेस इन्टरनेशनल बुटवलका निर्देशक ईश्वर भट्टराईले जानकारी दिए। भट्टराईका अनुसार मेलामा आएका विद्यार्थीलाई आइएलटिएस र पिटीईका कक्षामा विशेष छुटको व्यवस्था गरिएको थियो।

साथै भिसा प्रासेसिङ सुरु गर्ने विद्यार्थीका लागि पनि आकर्षक उपहारहरू लक्की ड्रमार्फत प्रदान गरिने उनले जानकारी दिए। नेपाली विद्यार्थीहरूलाई लक्षित गरी ग्रेस इन्टरनेशनल ग्रुप 'एडुभर्स २०२४' शैक्षिक मेलाको आयोजना देशका विभिन्न सहरमा गरिरहेको छ।

विदेश अध्ययनमा रुचि राख्ने विद्यार्थीहरूका लागि नोभेम्बर ११ देखि २१ सम्म देशभरका ९ प्रमुख सहरहरूमा ग्रेस ग्रुपले मेला सञ्चालन गर्न लागेको हो।

मेलामा अस्ट्रेलिया, बेलायत, अमेरिका, न्यूजिल्याण्ड, क्यानडा, दुबई, दक्षिण कोरिया र युरोपका विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थाका प्रतिनिधिहरूले विद्यार्थीहरूसँग प्रत्यक्ष भेटघाट र परामर्श दिइएको भट्टराईले जानकारी दिए।

मेलामा विद्यार्थीहरूले २५ भन्दा बढी विदेशी शैक्षिक संस्थाका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गर्न र विदेश अध्ययनसम्बन्धी विस्तृत जानकारी लिएको उनले जानकारी गराए।

उनका अनुसार मेलामा विद्यार्थीहरूले स्पट एडमिसन, अधिकतम छात्रवृत्ति र अन्य विशेष अवसरहरू प्राप्त गर्न सक्ने उनको भनाइ छ। जसले गर्दा उनीहरूको विदेश अध्ययन प्रक्रियालाई सहज बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने भट्टराइले बताए।

ग्रेस बुटवलका निर्देशक भट्टराईका अनुसार विद्यार्थीहरुले मेलामा सहभागी भएर आफ्ना चासोका देशका प्रतिष्ठित विश्वविद्यालयहरू सँग प्रत्यक्ष रूपमा जोडिन पाउनेछन्।

साथै, परामर्शदाता र विश्वविद्यालयका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी अध्ययन गन्तव्य छान्न, आवेदन प्रक्रियाबारे बुझ्न र छात्रवृत्ति लाभ लिन सक्नेछन्। भट्टराईले विदेश अध्ययनमा रुचि राख्ने सम्पूर्ण विद्यार्थीहरूलाई यो अवसरको सदुपयोग गर्न आह्वान गरेका छन्।

# 'देश र जनताका लागि व्यक्तिगत स्वार्थ त्याग्नु पर्ने'



देउखुरी (दाङ) । नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवालीले देश र जनताका लागि व्यक्तिगत स्वार्थ त्याग्नुपर्ने बताए।

नेकपा (एमाले) क्षेत्रीय समन्वय कमिटी क्षेत्र नं २, दाङले घोराहीमा आयोजना गरेको अगुवा कार्यकर्ता भेलामा बोल्दै उपाध्यक्ष ज्ञवालीले कम्युनिष्ट पार्टीका कार्यकर्ता अध्ययनशील, गतिशील, इमान्दार र मेहनती हुनुपर्ने धारणा राख्नुभयो। उहाँले जनताको बहुदलीय जनवाद (जबज) को सार समाजको रुपान्तरण भएको उल्लेख गरे।

आर्थिक र सामाजिक परिवर्तनका लागि सबै एकताबद्ध हुनुपर्ने उनको भनाइ थियो। मुलुकको प्रमुख समस्या भ्रष्टाचार भएको बताउँदै उनले कम्युनिस्ट पार्टीको नेता तथा कार्यकर्ताले कुनै किसिमको भ्रष्टाचार गर्न नहुने स्पष्ट पारे।

सोही कार्यक्रममा नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले मिसन-८४ मा पार्टीलाई निर्णायक शक्तिका रूपमा स्थापित गरिने बताएछ।

उनले नेताको टाउको जोडेर होइन कार्यकर्ताको मुख जोडेर पार्टी बलियो बनाउन चाहेको बताए। उनले भने-"पार्टीलाई एकताबद्ध गरेर अगाडि बढाउन चाहन्छौं। नेता कार्यकर्ताले जनताका समस्यासँग जुधेर, मुद्दामा ध्यान दिएर जनतालाई विश्वास गरेर अगाडि बढ्नु जरुरी छ।"

उनले वर्तमान सरकार विकास र समृद्धिको मार्गतर्फ अगाडि बढिरहेको सन्दर्भमा सत्ता पक्षबाट भएका रचनात्मक क्रियाकलापका विषयमा जनतामाझ पुऱ्याउन कार्यकर्तालाई निर्देशन दिए।

आगो हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

-आगो वा हिटर नजिकबाट नतापौं।
-कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं।
-कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
-हिटरलाई समय समयमा बन्द गर्ने गरौं।
-आगो वा हिटर बन्दै गरेर मात्र सुतौं।
-आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं।
-गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं।
-बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
-गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आवश्यकता

क्रिमसन कलेज अफ टेक्नोलोजीद्वारा संचालित यस क्रिमसन अस्पतालको लागि देहाय बमोजिमका जनशक्ति आवश्यक भएकोले ईच्छुक नेपाली नागरिकलाई आफ्नो शैक्षिक योग्यता,नागरिकता,अनुभवको प्रमाणपत्र,२ प्रति फोटो र बायोडाटा संलग्न गरी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Designation | No. | Qualification |
|---|---|---|---|
| 1. | Staff Nurse | few | PCL Nursing |
| 2 | Pharmacy Assistant | few | D. Pharma |
| 3 | Lab Technician | few | CMLT |
| 4 | HA | few | General Medicine |
| 5 | Receptionist/ Billing clerk | few | +2 (Management) |

- छनौटमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा बोलाईनेछ।
- काउन्सिलको दर्ता प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ।
- दरखास्त दिने अन्तिम मिति २०८१/०८/११ गते सम्म।
- दरखास्त शुल्क रु.२०० मात्र।

क्रिमसन अस्पताल
तिलोत्तमा-५ मणिग्राम ,रूपन्देही
Tel : 071-562744, 562745,562966,562967, Cell:9857070167
E-mail : crimsonhospital@hotmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com